बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

# स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नतिसम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना:** शिक्षा विकास निर्देशनालयको आ.व. २०७८/०७९ को स्वीकृत कार्यक्रमअनुसार स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति गरी बाल विकास केन्द्रमा बाल बालिकाको पहुँचमा अभिवृद्धि गर्ने, बाल विकास केन्द्रको गुणस्तरमा सुदृढीकरण गरी यो कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले विनियोजन ऐन, २०७८ को दफा १० (२) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नतिसम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि प्रारम्भ हुने छ ।

२. **परिभाषा:** विषय वा प्रङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "बाल विकास केन्द्र" भन्नाले प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित पाँच वर्ष उमेर पुरा भई नसकेका बालबालिकाहरूको शारीरिक, सामाजिक, सवेगात्मक र बौद्धिक विकास लगायत सर्वाङ्गिण विकासका लागि शिक्षा दिन खोलिएका बाल विकास केन्द्रलाई सम्झनुपर्दछ ।

(ख) "सहकार्य" भन्नाले प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम् मापदण्ड मार्गदर्शकि पुस्तिका, २०७६ ले निर्धारण गरेको मापदण्डभित्र रही प्रदेश र स्थानीय तहको समन्वयमा गरिने कार्यलाई सम्झनुपर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

(घ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार, शिक्षा विकास निर्देशनालय, हेटौंडलाई सम्झनुपर्दछ ।

(ङ) "विद्यालयमा आधारित बाल विकास केन्द्र" भन्नाले सामुदायिक विद्यालयमा आधारित भई सञ्चालन भएका बाल विकास केन्द्रलाई सम्झनुपर्दछ ।

(च) "कार्यक्रम" भन्नाले स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नतिसम्बन्धी कार्यक्रम सम्झनुपर्दछ ।

(छ) "पर्याप्त" भन्नाले कम्तीमा २० जनासम्म बालबालिकाका लागि बस्न, खाना, नाँच्न, घेरामा बसेर छलफल गर्न पुग्ने स्थान भएको क्षेत्रलाई सम्झनुपर्छ ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद-२

## उद्देश्य, सर्त, छनोट प्रकृया र मापदण्ड

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) स्थानीय तहसँगको सहकार्यमा स्तरोन्नति गर्नुपर्ने बाल विकास केन्द्रहरूको पहिचान गर्ने

(ख) स्थानीय तहसँगको सहकार्यमा स्तरोन्नति गर्नुपर्ने बाल विकास केन्द्रहरूको छनोटको मापदण्ड निर्धारण गर्ने

(ग) बाल विकास केन्द्रहरूको स्तरोन्नति गर्नका लागि स्थानीय तहसँगको सहकार्यमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने गराउने

(घ) राष्ट्रिय न्यूनतम् मापदण्ड अनुरुप प्रारम्भिक बाल विकास केन्द्रको शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुऱ्याउने

४. सर्तः स्थानीय तहसँगको सहकार्यमा विद्यालयमा आधारित बाल विकस केन्द्रहरूको स्तरोन्नति गर्न अनुदानको लागि आवेदन दिन देहायका सर्त पुरा गरेको हुनुपर्ने छः

(क) प्रचलित शिक्षा ऐन, नियमावलीले तोकेको प्रारम्भिक बाल विकास केन्द्रको उमेर समूहका कम्तीमा २० जनासम्म बालबालिका भर्ना भई अध्ययन गरिरहेको

(ख) राष्ट्रिय न्यूनतम् मापदण्ड, २०७६ ले निर्धारण गरे अनुरुप न्यूनतम् सुविधा भएको छुट्टै भवन वा छुट्टै कक्षाकोठा भएको

(ग) शैक्षिक क्रियाकलाप सञ्चालनका लागि पर्याप्त ठाउँ भएको

(घ) राष्ट्रिय न्यूनतम् मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये अनुसूची १ मा उल्लेख भएका क्षेत्रहरूमा स्थानीय तह र निर्देशनालयबाट सहकार्य गर्ने गरी स्थानीय तहले गरेको प्रतिबद्धता सहित सिफारिस पत्र

(ङ) सहकार्यका लागि निर्देशनालयबाट उपलब्ध हुने अनुदान रकम तलब भत्ता, शैक्षिक भ्रमण खर्च, बैठक भत्ता, खाना तथा खाजा र जग्गा खरिद लगायतका शीर्षकमा खर्च गर्न पाइने छैन ।

५. छनोट प्रकृयाः (१) निर्देशनालयले दफा ४ बमोजिमका सर्त पुरा गरेका स्थानीय तहसँगको सहकार्यमा विद्यालयमा आधारित बाल विकस केन्द्रहरूको स्तरोन्नतिका लागि छनोट गर्न देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले १५ दिनको सार्वजनिक सूचना निर्देशनालय, सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने र सो सूचना शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत सूचना प्रवाह गर्न लेखी पठाउने ।

(ख) दफा ५(१) (क) बमोजिम प्राप्त भएका प्रस्तावनाहरू जाँचबुझ तथा मूल्याङ्कन गर्दा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने बाल विकास केन्द्रलाई प्रति जिल्ला एक बाल विकास केन्द्र पर्ने गरी छनोट गर्ने



माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

(ग) दफा ५(१) (ख) बमोजिम छनोट भएका बाल विकास केन्द्रहरूको विद्यालय, स्थानीय तह र निर्देशनालय बिचमा दफा ४ को (घ) मा उल्लेख भए अनुसारका स्थानीय तहले प्रतिवद्धता गरेका क्षेत्रहरूलाई आधार मानी सम्झौता गर्ने

(घ) दफा ५(१) (ख) अनुसार छनोट भएका बाल विकास केन्द्रहरू तोकिएको समयमा सम्झौता गर्न नआएमा सोको सट्टा दफा ४ बमोजिमका सर्त पुरा गरी दफा ५(१) (ख) बमोजिमको छनोटको सङ्ख्यामा नपरेका सम्बन्धित जिल्लाको बढी अङ्क प्राप्त गर्ने बाल विकास केन्द्रलाई क्रमशः छनोट गर्ने।

**६. जाँचबुझ तथा मूल्याङ्कन समितिः** (१) यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहनेछन:

क) शिक्षा विकास निर्देशनालयका निर्देशक- संयोजक

ख) सामाजिक विकास मन्त्रलयको अधिकृत प्रतिनिधि - सदस्य

ग)योजना तथा कार्यक्रम शाखा प्रमुख/अधिकृत, शिक्षा विकास निर्देशनालय - सदस्य

घ)सम्वन्धित स्थानीय तहको पदाधिकारी- सदस्य

ङ)आर्थिक प्रशासन शाखा प्रमुख,शिक्षा विकास निर्देशनालय- सदस्य

(२) समितिले आवश्यक ठानेमा बढीमा तिनजनासम्म विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

**७. छनोटका मापदण्डहरूः** दफा ५(१) (क) बमोजिम प्रस्ताव पेस गर्ने बाल विकास केन्द्रहरूमध्ये दफा ४ बमोजिमका सर्त पुरा गरेका बाल विकास केन्द्रहरूलाई तपसिलमा उल्लेखित मापदण्डको आधारमा छनोट गर्नुपर्ने छ ।

**क. भौतिक पूर्वाधार - १० पूर्णाङ्क**

१. छुट्टै घर भएमा – ५ अङ्क

२. पहाड र हिमालमाः लम्बाइ २६ फिट, x चौडाइ १६ फिट, x उचाइ ८ फिट
भित्रिमधेशमाः लम्बाइ २६ फिट, x चौडाइ १६ फिट, x उचाइ १० फिट
भएको कक्षाकोठा भएमा - ५ अङ्क

**ख. स्वास्थ्य, सरसफाइ, पोषण र सुरक्षा - १० पूर्णाङ्क**

१. छुट्टै (छात्रा/छात्र) शौचालय र पर्याप्त पानीको व्यवस्था भएमा – २ अङ्क

२. शुद्ध पिउनेपानीको व्यवस्था भएमा– २ अङ्क

३. बालबालिकाको वर्षमा २ पटक स्वास्थ्य परीक्षण गर्ने व्यवस्था भएमा -१ अङ्क

४. स्थानीय तहको सहयोगमा केन्द्रमा बालबालिकालाई खाजा खुवाउने व्यवस्था भएमा- ५ अङ्क

**ग. बाहिरी वातावरण - १० पूर्णाङ्क**

१.बाल विकास केन्द्रका लागि छुट्टै खेल्ने चौर भएमा – १० अङ्क

२. विद्यालयकै चौरमा खेल्ने व्यवस्था भएमा–५ अङ्क

**घ. केन्द्र सञ्चालन व्यवस्थापन समितिः ५ अङ्क**

१. समावेशी व्यवस्थापन समिति गठन भएको भएमा- ३ अङ्क

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

२. विद्यालय व्यवस्थापन समितिको मात्र व्यवस्था भएको भएमा-२ अङ्क

ङ. मानवीय स्रोत व्यवस्थापन - ५ पूर्णाङ्क

१. कम्तीमा १२ कक्षा उत्तीर्ण भई न्यूनतम् ६ दिनको तालिम प्राप्त गरेको सहयोगी कार्यकर्ता भएमा -२ अङ्क

२. सो अनुसारको योग्यता भएको तर तालिम प्राप्त गरेको सहयोगी कार्यकर्ता नभएमा- १ अङ्क

३. आयाको व्यवस्था भएमा- २ अङ्क

## परिच्छेद-४
## कार्यक्रम सञ्चालन विधि

**८ सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेः** दफा ४ को खण्ड (घ) बमोजिम स्थानीय तहले गरेको प्रतिबद्धता सहित पेस गरिएको सिफारिस पत्रका आधारमा निर्देशनालयलाई तोकिएको बजेटको सीमाभित्र रही विद्यालय व्यवस्थापन समिति वा बाल विकास केन्द्र व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.सँग आवश्यक सर्तहरू समावेश गरी सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

**९ रकम निकासासम्बन्धीः** (१) सम्झौता अनुरुपको कार्य सुरु भए पश्चात् निर्देशनालयले सम्झौतामा उल्लेख भएबमोजिम पहिलो किस्ता वापत अनुदान रकमको बढीमा ४०% सम्म रकम पेश्की स्वरुप विद्यालयको वा बाल विकास केन्द्रको बैंक खातामा निकासा दिइने छ ।

(२) सम्बन्धित विद्यालय व्यवस्थापन समिति वा बाल विकास केन्द्र व्यवस्थापन समितिबाट दफा ८ अनुसारको कार्य सम्पन्न भएको प्रतिवेदन, स्थानीय तहबाट भुक्तानीका लागि सिफारिस र आवश्यक बिल भरपाई पेस गर्नुपर्ने र सोको आधारमा अन्तिम किस्ताको रूपमा बाँकी रकम निर्देशनालयबाट विद्यालय वा बाल विकास केन्द्रको बैंक खातामा निकासा दिइने छ ।

(३) विद्यालयले स्थानीय तहको प्रतिनिधिसहित ३ सदस्यीय कार्यक्रम कार्यान्वयन अनुगमन समिति गठन गर्नुपर्नेछ । उक्त समितिले सो कार्यको रेखदेख अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन पेस गर्नुपर्नेछ ।

## परिच्छेद-५
## विविध

**१०. विवरण पठाउनुपर्नेः** निर्देशनालयले स्थानीय तहसगको सहकार्यमा स्तरोन्नति गर्न छनोट गरिएका बाल विकास केन्द्रहरूको विवरण र कार्य सम्पन्न भएपछि कार्य प्रगती विवरण मन्त्रालयमा पठाउनु पर्ने छ ।

**११. लेखा तथा लेखापरीक्षणः** सम्बन्धित विद्यालयहरूले बाल विकास केन्द्रको स्तरोन्तिका लागि अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणालीअनुसार लेखा राख्नुपर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ।



कुमारी मोकान
विकास मन्त्री

श्रीकृष्ण नेपाल
सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१२. **सरकारी बाँकी सरह असुलउपर गरिने:** बाल विकास केन्द्रको स्तरोन्तिका लागि अनुदान प्राप्त गर्ने विद्यालय वा बालविकास केन्द्रहरूले सम्झौतामा तोकिएको सर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अंनुदान निकासा भएको रकम विद्यालय वा बालविकास केन्द्रसँग सरकारी बाँकी सरह निर्देशनालयले असुलउपर गर्ने छ ।

१३. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरूमा प्रचलित कानुन बमोजिम हुने छ ।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

कृष्ण नेपाल

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ४(घ) सग सम्बन्धित प्रतिबध्दता जनाउनुपर्ने क्षेत्रहरू)

१. भौतिक पूर्वाधार: जग्गा, भवन

२. खाना व्यवस्थापन /पोषणयुक्त खाजाको व्यवस्था

३. सहयोगी कार्यकर्ताको तलब भत्ता

४. आयको व्यवस्था

५. शौचालय

६. पिउने पानीको व्यवस्था

७. नियमित स्वास्थ्य परीक्षण र औषधिको व्यवस्था

८. सिसि टिभि, कम्प्युटर, टिभी, प्रिन्टर

९. बालबालिकाका लागि आवश्यक खेल सामग्री

१०. बाल पुस्तकालय

११. कक्षाकोठा सजावट

१२. सिकाइ क्षेत्र अनुसारका सामग्रीहरू

- I. भाषा सिकाइ
- II. गणित सिकाइ
- III. अभिनय
- IV. सिर्जनात्मक सिकाइ
- V. स्वावलम्बन सिकाइ
- VI. विज्ञान सिकाइ
- VII. निर्माण
- VIII. शारीरिक अभ्यास
- IX. सञ्चार
- X. खेलका सामग्री

सिकाइ क्षेत्र अनुसारका सामग्रीहरू

कुमारी मोक्तान
विकास मन्त्री

स्वाबलम्बनका सीप, बौध्दिक, सामाजिक, संवेगात्मक, भाषिक, शारीरिक विकाससँग सम्बन्धित खेलौनाहरू बालविकास केन्द्रमा हुनुपर्ने छ । यस्ता सामग्रीहरू सिकाइ क्षेत्रअनुसार मिलाएर राखिएको हुनुपर्ने छ । केन्द्रमा हुनुपर्ने न्यूनतम सामग्रीहरू जस्तोः

१. पुतली, ब्लक, मान्छे, पशु, घर, चरा, स्वास्थ्य चौकी, विद्यालय आदिको मोडुल पप्सहरू १/१ सेट

२. घडी १

३. मौसम चार्ट १

४. बार चार्ट १

५. नेम कार्ड २५

६. २.५x५ इन्चको विषयवस्तु अनुसार डोमिनो कम्तीमा १२ सेट-शरीर, परिवार, चराचुरुङ्गी, बोटबिरुवा, कीराफट्याङ्ग्रा, फूल, भाँडावर्तन, जनावर, लुगाफाटा, बाजागाजा, सागसब्जी, माछा आदि ।

७. निम्ना साइजका काठका टुक्रामा तल लेखिएका कुरा समावेश हुनुपर्ने छ ।

- ४.५ इन्च साइजको अक्षर बोर्ड
- ६ x ८ इन्च फ्ल्यास कार्ड विषयवस्तु अनुसारको
- प्रत्येक विषयमा ५ ओटा पजल कम्तीमा १२ पिसको पजल १२ किसिमको विषयवस्तुसँग मिल्दो

८. भान्साका सामानहरू (चलनअनुसार प्रयोग हुने भाँडावर्तन, डाडु, पन्यू, चम्चा, गिलास आदि)

९. कपडाका अन्य सामग्रीहरू

- ८ इन्चको नेपालको झन्डा १
- ४ रङ्गको कपडाको फित्ता ८
- हाते रिङ ४ कपडाको
- बिनबाग ४ ओटा (विभिन्न साइजका)
- पुतली कम्तीमा २ जोडी
- लम्बाइ १६ x २४ इन्च फलाटिन बोर्ड १
- २५ ओटा पकेट भएको चार्ट १ सेट
- १२ देखि १८ इन्च सम्मको रबर बल २
- पपेट १ जोडी

- पुतली परिवार १ सेट
- झुन्ड्याउन मिल्ने ३.५ x २.५ इन्चको नाम कार्ड २५

१०. पुस्तक/पुस्तिकाहरू

- चित्रकथा किताब – दुई दर्जन
- बाल गीतको किताब – १
- बाल कविता किताब – १
- अन्य सामग्रीहरू
- स्पर्शका सामानहरू ५ ओटा/ जोडाको १ सेट (खस्रो, चिप्लो, नरम चिज राखेर बनाएको बोर्ड
- स्वावलम्बी सीप सिकाउने सामानहरू २ सेट (जस्तै तुना बान्ने, इजार बान्ने, फस्नर लगाउने, हुक लगाउने, टाँक लगाउने, डोरी बाँध्ने
- विन ब्याग छ ओटा (विभिन्न साईजका)
- छ्नछ्न आवाज आउने खेलौनाबाजा १
- विभिन्न आवाजको जोडा मिलाउने वस्तुहरू ४ जोडाको सेट
- चेन लगाउने जस्ता क्रियाकलाप गराउने मोडल बोर्ड १/१ सेट
- तराजु स्केल माटो, बालुवाजस्ता बच्चाले अभ्यास गर्ने सामग्रीहरूको व्यवस्था गर्ने
- ऐना १
- स्थानीय ठोस वस्तुहरू, विषयवस्तुअनुसार सङ्कलन गर्ने र सिकाइमा प्रयोग गर्ने

११. स्थानीय स्तरमा खेलौनाको रुपमा प्रयोग गर्न सकिने सामग्रीहरू जस्तैः

- बाँसका टुक्राहरू
- विभिन्न आकार र प्रकारका ढुङ्गाहरू
- मकैको खोया
- विभिन्न किसिमका वियाहरू
- कपडाका टुक्राहरू
- काठका टुक्राहरू

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

माननीय कुमारी मोक्तान सामाजिक विकास मन्त्री

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

- नरिवलको खपडा
- लप्सी /रिठ्ठाका बियाँ
- सल्लाको फल, बाँस, निगालो आदि ।

१२. पुस्तक/पुस्तिकाहरू

- ३ नम्बरको भर्ना पुस्तिका – १
- बैठक पुस्तिका – १
- हाजिरी रजिस्टर – १
- लेखा पुस्तिका – १
- स्वास्थ्य पुस्तिका – १

१३. हरेक बालबालिकाको निम्ति १।१ ओटा व्यक्तिगत फाइल

१४. २४ गेज अर्थात १८x१२ को १ ओटा पूर्वलेखन अभ्यास पुस्तिका प्रत्येक बालबालिकालाई १।१ ओटा

१५. जुत्ता पालिस गर्ने ब्रसहरू, कोट ब्रस

१६. आधुनिक प्रविधिका सामग्रीहरू (उपयोग भइसकेका)

१७. बालबालिकालाई खेल्न उपयुक्त खेल सामग्रीहरूको व्यवस्था भएको- जस्तै चिप्लेटी, टायरको टनेल, ढिकिच्याउ, पिङ्ग, भऱ्याङ, बलहरू, स्किपिङ, जिगस

१८. बाहिरी सिकाइ क्षेत्र, जस्तै बालुवा, पानीको व्यवस्था भएको।

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री

## अनुसूची-२

(बालविकास केन्द्रको स्तरोन्नति प्रस्ताव फारामको ढाँचा)

१. बालविकास केन्द्रको नाम

२. ठेगाना

३. विद्यालयको नामः

४. स्थापना मितिः

५. हालको अवस्थाः

| क स | बालविकास केन्द्रको हालको अवस्था | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | बाल विकस केन्द्रका लागि छुट्टै खेल्ने चौर | लम्बाइः...................................<br>चौडाइः...................................... | | |
| २ | बाल विकास कक्षाका लागि छुट्टै भवन | कोठा सङ्ख्या<br>कोठाको लम्बाइ...................<br>चौडाइः........................................ | | |
| ३ | छुट्टै कक्षा कोठा | लम्बाइ..................................फिट<br>चौडाइः......................................फिट | | |
| ४ | शौचालय र शौचालयमा पर्याप्त पानीको व्यवस्था | | | |
| ५ | पिउनेपानीको व्यवस्था | | | |
| ६ | स्वास्थ्य परीक्षण गर्ने व्यवस्था | कुन निकायः.............................<br>पटकः..............................(वर्षमा) | | |
| ७ | स्थानीय तहको सहयोगमा केन्द्रमा बाल बालिकालाई खाजा खुवाउने व्यवस्था | | | |

६. सामग्री विवरण

| विवरण | सामग्रीको नाम | संख्या |
|---|---|---|
| क. पठन सिकाइसम्बन्धी | | |
| ख. सचेतनात्मक खेलसम्बन्धी | | |
| ग. फर्निचर | | |
| घ. कक्षा सजावटसम्बन्धी | | |
| ङ. स्वास्थ्य प्रवर्धनसम्बन्धी | | |
| च. ICT सम्बन्धी | | |
| छ. अन्य | | |

७. सहकार्य गरिने कार्यक्रमहरूको विवरण र अनुमानित लागत

सलग्न गर्नुपर्ने कागजातहरुः

क) राष्ट्रिय न्यूनतम् मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये स्थानीय तह र निर्देशनालयबाट सहकार्य गर्ने गरी सम्बन्धित वडा कार्यालयले गरेको प्रतिबध्दतासहित सिफारिस पत्र

ख) बालविकास केन्द्रको हालको अवस्थाको विषयमा बालविकास केन्द्र व्यवस्थापन समित वा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित कार्यक्रम माग गर्ने निर्णय

ग) हाल कार्यरत सहयोगी कार्यकार्ताको नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र तालिम प्राप्त प्रमाण पत्र

घ) हाल कार्यरत आयाको नियुक्ति पत्र

ङ) केन्द्र सञ्चालन व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समिति गठन गरेको माइन्युटको प्रतिलिपि

माननीय कुमारी मोक्तान
सामाजिक विकास मन्त्री